## नागरिकता के हो ?

नागरिकता र व्यक्तिको परिचय व्यक्तिलाई कुनै पनि देशमा बस्नको लागि कानुनी परिचयको आवश्यकता पर्दछ । यही कानुनी परिचय वा पहिचान उसको पहिलो जन्मसिद्ध अधिकार हो । यो अधिकार व्यक्तिको वैधानिक अस्तित्वसँग सम्बन्धित हुन्छ । पहिचानको अधिकारको आधारमा नै अन्य अधिकारहरूको सिर्जना हुने हुनाले यो अन्य अधिकारहरूको स्रोत पनि हो । कुनै पनि व्यक्ति कुन देशको बासिन्दा हो भन्ने कानुनी परिचय नागरिकताले दिन्छ । यस कारण नागरिकता व्यक्तिको पहिचान र राष्ट्रियतालाई चिनाउने प्रमाण-पत्र हो । यसलाई देश र नागरिक बीच सम्बन्ध कायम गर्ने माध्यम मान्न सकिन्छ । त्यसैले नागरिकता व्यक्तिलाई राज्यद्वारा प्रदान गर्ने अधिकार र सामाजिक सुरक्षा प्राप्त गर्ने आधार पनि हो ।

नेपालमा पनि नेपाली नागरिकलाई परिचय गराउनका लागि नागरिकताको प्रमाण-पत्र दिने व्यवस्था छ । नेपालीलाई नागरिकताको प्रमाण-पत्रले नेपाली हो भन्ने परिचय दिन्छ ।

**नागरिकताको प्रमाण-पत्र किन आवश्यक छ ?**

नेपालीलाई नेपालको नागरिक हो भनी परिचय दिने कानुनी प्रमाण कागज नागरिकताको प्रमाण-पत्र हो । प्रत्येक नेपालीलाई तल उल्लिखित काम र सुविधाका लागि नागरिकताको प्रमाणपत्र आवश्यक पर्दछ :-

- आफूले रोजेको व्यापार व्यवसाय गर्न
- अचल सम्पत्ति प्राप्त गर्न
- हक हस्तान्तरण गर्न
- राजनीतिमा रुचि छ भने राजनीतिमा भाग लिन
- समाज सेवातर्फ रुचि छ भने संघ संस्था खोल्न
- ऋण लिन अथवा बैंकसँग अन्य कारोबार गर्न
- राहदानी बनाई विदेश भ्रमण गर्न
- उच्च शिक्षा हासिल गर्न
- नेपालभित्र काम गर्न अथवा वैदेशिक रोजगारीमा जान
- नेपालमा नै बसोबास गर्नको लागि वासस्थान छनौट गर्न
- नेपालले नेपाली नागरिकलाई प्रदान गर्ने अधिकारका साथै सामाजिक सुरक्षा र सुविधाहरू प्राप्त गर्न ।

## अन्तरिम संविधानमा नागरिकता सम्बन्धी व्यवस्था

नेपालको अन्तरिम संविधान, २०६३ को भाग २ ले नेपाली नागरिकता प्राप्त गर्न सक्ने आधारहरूको सम्बन्धमा निम्न बमोजिम व्यवस्था गरेको छ :-

- **नेपाली बाबु वा आमाको सन्तान**
  वंशजको आधारमा नागरिकता प्राप्त गरेको व्यक्ति, वंशजको आधारमा नेपालको नागरिक हुने छ । कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्तिले नेपालको नागरिकता लिन पाउँछ ।
- **पितृत्व र मातृत्वको ठेगान नभएको नाबालक**
  नेपाल सरहदभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको नाबालकको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्ने छ ।
- **क्षेत्र गाभिदाको आधारमा नागरिकता**
  नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोबास भएको व्यक्ति प्रचलित कानुनका अधीनमा रही नेपालको नागरिक हुने छ ।

## जन्मको आधारमा नागरिकता

वि. सं. २०४६ साल चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी रूपले बसोबास गर्दै आएको व्यक्तिले प्रचलित कानून बमोजिम जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ । तर यस व्यवस्था अन्तर्गत नागरिकता प्राप्त गर्न प्रचलित कानूनमा व्यवस्था भए बमोजिम एक पटकका लागि तोकिएको अवधिभित्र निवेदन दिइसकेको हुनु पर्ने छ ।

- **वैवाहिक सम्बन्धको आधारमा**
  नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा प्रचलित कानुन बमोजिम अङ्गीकृत नेपाली नागरिकता लिन सक्ने छ ।
- **विदेशीसँग विवाह गरेकी नेपाली नागरिकको सन्तान**
  विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको सन्तानको हकमा नेपालमा जन्मी नेपालमा नै स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेन छ भने कानुन बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्ने छ ।
- **अङ्गीकृत वा सम्मानार्थ नागरिकता**
  नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिला र विदेशीसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिले बाहेक कानूनमा व्यवस्था भए बमोजिम नेपाल सरकारले अङ्गीकृत वा सम्मानार्थ नेपाली नागरिकता प्रदान गर्न सक्ने छ ।

## नेपालको नागरिकता ऐनमा भएका व्यवस्थाहरु

नेपाल नागरिकता ऐन, २०६३ बमोजिम नागरिकता सम्बन्धी कानुनी व्यवस्था

- **जन्मको आधारमा**

  संवत् २०४६ साल चैत्र मसान्तसम्म नेपालभित्र जन्म भई नेपालमा स्थायी रूपले बसोबास गर्दै आएको व्यक्तिले नेपालको नागरिकता पाउँछ ।

- **वंशजको आधारमा**

  कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यो व्यक्तिले वंशजको नाताले नेपालको नागरिकता प्राप्त गर्दछ ।

- **मातृत्व वा पितृत्वको ठेगान नभएको नाबालक**

  नेपाल सरहदभित्र फेला परेको पितृत्व वा मातृत्वको ठेगान नभएको नाबालकको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिने हुँदा नेपालको नागरिकता पाउँछ ।

- **क्षेत्र गाभिदाको आधारमा**

  नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा त्यस क्षेत्रभित्रको व्यक्ति यस ऐनको अधीनमा रहि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकि दिए बमोजिम सोही सूचनामा तोकेको मितिदेखि नेपालको नागरिक हुने छ ।

- **विवाहको आधारमा**

  नेपाली नागरिकसँग विवाह भएकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारबाही चलाए पछि अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्ने छिन् ।

- **सन्तानको हकमा**

  विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिलाबाट जन्मिएको छोरा वा छोरीको हकमा निजले नेपालमा स्थायी बसोबास गरेको र निजको बाबुको नागरिकताको आधारमा निजले कुनै विदेशी मुलुकको नागरिकता नलिएमा निजले तोकिए बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्न छ ।

- **सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सकिने**

  नेपाल सरकारले अन्तरराष्ट्रिय ख्याति प्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सक्ने छ ।

## नेपाल नागरिकता नियमावलीको व्यवस्था

**नेपाल नागरिकता नियमावली, २०६३ मा नागरिकता प्राप्त गर्न अपनाउनु पर्ने कार्यविधिहरू**

- **वंशजको आधारमा**

  वंशजको नाताले नेपाली नागरिकताको प्रमाण पत्र लिन चाहने सोह्र वर्ष उमेर पुरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष तल उल्लिखित कागजात संलग्न राखी तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने छ :-

(क) बाबु वा आमा वा आफ्ना वंशतर्फका तिन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र ।

(ख) जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्र ।

(ग) तिन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रमाणपत्र पेस गरेको अवस्थामा उक्त नातेदारसँगको नाता खुल्ने नाता प्रमाणित पत्र ।

माथि उल्लेख भए बमोजिमका प्रमाण पेस गर्न नसक्नेलाई देहायका कागजातका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सकिने छ :-

(१) निज वंशजको नाताले नेपालको नागरिक भएको र नेपालमा जन्म भई स्थायी रूपमा बसोबास गरी आएको बेहोरा खुल्ने गरी स्थानीय निकायका प्रतिनिधिको रोहबरमा स्थलगत सर्जमिन ।

(२) सम्बन्धित वडामा बसोबास गर्ने तिन जना नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका नेपाली नागरिकले सर्जमिन स्थलमै गरिदिएको सनाखत ।

- **मातृत्व र पितृत्वको ठेगान नभएको नाबालक**

(क) नेपाल सरकारबाट स्वीकृति प्राप्त बालमन्दिर वा अनाथ बालबालिका संरक्षण गर्ने संघसंस्था वा अनाथालयको संरक्षणमा हुर्के बढेको भए त्यस्तो संस्थाको सिफारिस ।

(ख) कुनै व्यक्ति विशेषले प्रचलित कानून बमोजिम संरक्षकत्व प्राप्त गरी पालन पोषण गरेको भए पालन पोषण गर्ने व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) नेपाल सरहदभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको निवेदकको पितृत्व वा मातृत्वको सम्बन्धमा थप कुरा बुझ्नु पर्ने भएमा आवश्यकता अनुसार स्थानीय निकायको सिफारिस वा प्रहरी प्रतिवेदन माग गर्न सकिने छ ।

- **विवाहको आधारमा**

  नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा तल उल्लिखित कागजात संलग्न गरी सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्नेछ :-

(क) नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्ध खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस ।

(क) निजले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा ।

- **सन्तानको हकमा**

  विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएका सन्तानको हकमा देहायका कागजात सहित प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्नेछ :-

(क) आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) नेपालमा जन्म भई स्थायी बसोबास गरेको व्यहोरा खुल्ने सम्बन्धित स्थानीय निकायको सिफारिस ।

(ग) बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता नलिएको निस्सा ।

- **जन्मको आधारमा**

  जन्मको आधारमा नागरिकताको प्रमाणपत्र प्राप्त गर्न चाहने व्यक्तिले संविधान सभाको निर्वाचन हुनु अगावै प्रमुख जिल्ला अधिकारी समक्ष निवेदनका साथ निम्न प्रमाण पेस गर्नु पर्छ :-

(क) निवेदकको जन्म नेपालभित्र भएको र स्थायी रूपमा बसोबास गर्दै आएको बेहोरा खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस ।

(ख) आफ्नो वा परिवारको नामको जग्गा धनी दर्ता प्रमाण पुर्जा वा मोहीयानी हकको प्रमाणपत्र वा घरधुरी प्रमाण वा निर्वाचन आयोगले तयार गरेको मतदाता नामावलीमा निजको वा निजको बाबु वा आमाको नाम समावेश भएको प्रमाण ।

माथि उल्लिखित प्रमाण पेस गर्न नसक्ने व्यक्तिहरूका लागि देहायका कागजातका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न सकिने छ:-

(१) निवेदकको नेपालमा जन्म भई निरन्तर रूपमा स्थायी बसोबास गरी आएको व्यहोरा खुल्ने गरी स्थानीय निकायका प्रतिनिधिको रोहबरमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सरजमिन ।

(२) सम्बन्धित वडामा बसोबास गर्ने नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त तिन जना नेपाली नागरिकले सर्जमिनस्थलमै गरिदिएको सनाखत ।

- **विदेशीको हकमा अङ्गीकृत नेपाली नागरिकता**

  कुनै विदेशी नागरिकले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा आफू बसोबास गरी आएको सम्बन्धित स्थानीय निकायको सिफारिस साथ सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्ने छ । प्रमुख जिल्ला अधिकारीले आवश्यक देखेमा सम्बन्धित नगरपालिकाको प्रमुख वा गाउँ विकास समितिको अध्यक्षसँग आवश्यक कुराहरू बुझी निवेदकले आवश्यक सर्त तथा अवस्था पुरा गरेको देखिएमा आफ्नो रायसहित निवेदन मन्त्रायलय समक्ष पठाउनु पर्नेछ । प्राप्त निवेदन उपर छानबिन गरी मन्त्रालयले तोके बमोजिमको ढाँचामा अङ्गीकृत नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न सक्ने छ ।

- **अङ्गीकृत नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको सन्तानको हकमा**

  निजले सो नागरिकता प्राप्त गर्नुभन्दा पहिले जन्मेका सन्तानले अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न चाहेमा सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन सक्ने छ । निवेदन साथ नाता प्रमाणित पत्र, बाबु वा आमाको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र निज नेपालमा बसोबास गरिरहेको बेहोराको स्थानीय निकायले गरिदिएको सिफारिस संलग्न गर्नु पर्ने छ ।

## नागरिकता सम्बन्धमा दण्ड सजायको व्यवस्था

- **विदेशीको हकमा**

  कुनै विदेशीले नेपाली नागरिक भएको दाबी गरी झूटो विवरण दिई नेपाली नागरिकता प्राप्त गरेमा एक वर्षदेखि पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने छ । त्यसरी प्राप्त गरेको नागरिकता स्वत: रद्द हुने छ ।

- **विदेशीलाई नागरिकता दिलाउने व्यक्तिको हकमा**

  कुनै विदेशीलाई झूटो विवरणका आधारमा नागरिकता दिलाउने कार्यमा सनाखत वा सिफारिस गर्ने व्यक्तिलाई ६ महिनादेखि तिन वर्षसम्म कैद वा पच्चिस हजारदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने छ ।

- **झूटो वा किर्ते प्रमाण पत्र खडा गरेमा**

  कसैले नेपाली नागरिकताको झूटो वा किर्ते प्रमाणपत्र खडा गरेमा वा बनाई प्रचलनमा ल्याएमा त्यस्तो कार्य गर्ने, गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद वा बिस हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने छ ।

- **विवरणमा आफू खुसी थपघट गरेमा**

  कसैले सक्कल नागरिकताको प्रमाण पत्रमा भएको विवरणमा आफू खुसी थपघट गरेमा वा सच्याएमा त्यस्तो कार्य गर्ने, गराउने व्यक्तिलाई तिन महिनासम्म कैद वा दस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने छ ।

- **नियमको बर्खिलाप कसुर गरेमा**

  झूटो विवरण दिई नागरिकताको प्रमाण पत्र प्राप्त गरेमा वा आफ्नो नेपाली नागरिकताको प्रमाण पत्रमा रहेको नाम, थर, उमेर, वतन वा अन्य विवरण गल्ती भई सच्याइएको विवरण झूटो प्रमाणित भएमा त्यस्तो झूटो विवरण दिने व्यक्तिलाई वा ऐन वा नियमको बर्खिलाप कसुर गर्ने गराउने व्यक्तिलाई पन्ध्र हजार रुपैयाँसम्म जरिबाना हुने छ ।

- **कर्मचारी उपर विभागीय कारबाही**

  नेपाली नागरिकताको प्रमाण पत्र दिने अधिकारीले जानी-जानी वा बदनियत राखी ऐन वा नियम विपरीत हुने गरी नागरिकताको प्रमाणपत्र दिएमा वा नागरिकताको प्रमाण पत्रको विवरण सच्याएमा त्यस्तो पदाधिकारी वा कर्मचारी उपर प्रचलित कानुन बमोजिम विभागीय कारबाही हुने छ ।

- **झूटो विवरणको आधारमा सनाखत वा सिफारिस गरेमा**

  विदेशीले झूटो विवरण दिई नेपाली नागरिकता प्राप्त गरेमा, झूटो विवरणका आधारमा नागरिकता दिलाउने कार्यमा सनाखत वा सिफारिस गरेमा, झूटो वा किर्ते प्रमाणपत्र खडा गरेमा वा बनाई प्रचलनमा ल्याएमा सजाय हुने कसुर गर्न उद्योग गर्ने वा मद्दत गर्ने व्यक्तिलाई तोकिएको सजायको आधा सजाय हुने छ ।

## नेपाली नागरिकता कायम नरहने अवस्था

❖ **नागरिकता कायम नरहने**

नेपाली नागरिकले कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेमा निजको नेपाली नागरिकता कायम रहने छैन ।

❖ **नागरिकता त्याग्न सूचना दर्ता गरेमा**

नेपाली नागरिकले नेपालको नागरिकता त्याग्न सूचना गरी दर्ता गरेमा र सो दर्ता गरिएको मितिदेखि निजको नेपाली नागरिकता कायम रहने छैन ।

❖ **विदेशीले झूटो विवरण पेस गरेमा**

विदेशीले झूटो विवरण वा बयान दिई नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरेको कुरा प्रमाणित हुन आएमा नेपाल सरकारले निजको नेपाली नागरिकताको प्रमाण पत्र रद्द गर्ने छ ।

❖ **एक मुलुकको नागरिकता कायम**

कुनै व्यक्तिलाई एकै साथ नेपालको र विदेशी मुलुकको नागरिकता प्राप्त हुने अवस्था भएमा त्यस्तो व्यक्तिले सोह्र वर्ष उमेर पुगेको दुई वर्षभित्र कुनै एक मुलुकको नागरिकता रोज्नु पर्ने छ । त्यसरी नागरिकता नरोजेको अवस्थामा सो म्याद नाघेपछि निजको नेपाली नागरिकता कायम रहने छैन ।

❖ **पुनः नागरिकता कायम**

कुनै नेपाली नागरिकले विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि पुनः नेपालमा आई बसोबास गरेको र विदेशी मुलुकको नागरिकता त्यागेको निस्सा तोकिएको अधिकारीलाई दिएमा त्यस्तो निस्सा दर्ता भएको मितिदेखि निजको नेपाली नागरिकता पुनः कायम हुने छ ।

❖ **प्रमाण पत्र रद्द**

कुनै नेपाली नागरिकले झूटो विवरण दिई नेपाली नागरिकताको प्रमाण पत्र लिएको प्रमाणित हुन आएमा तोकिएको अधिकारीले त्यस्तो नागरिकताको प्रमाण पत्र रद्द गर्ने छ ।

❖ **दोहोरो नागरिकता**

कसैले पनि एकभन्दा बढी नागरिकताको प्रमाण पत्र लिन हुँदैन । तर बसाइँ सरेको आधारमा कुनै व्यक्तिले चाहेमा सम्बन्धित कार्यालयबाट निजले पहिले लिएको नागरिकता खिची अर्को नागरिकताको प्रमाण पत्र जारी गर्न बाधा पर्ने छैन ।

❖ **पुनरावेदन गर्न पाउने**

नेपाल सरकारले कुनै व्यक्तिलाई नेपालको नागरिकताबाट हटाउने गरी दिएको आदेशउपर पैंतिस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्ने छ ।

## नेपाली नागरिकता नहुँदा भोग्नु पर्ने समस्याहरू

- राज्य विहीनताको अवस्था
- उच्च शिक्षाबाट वञ्चित
- राहदानी बनाउन नपाउने
- विदेश भ्रमण, वैदेशिक रोजगारीमा जानबाट वञ्चित
- रोजगारीको अधिकारबाट वञ्चित
- व्यापार व्यवसायको अधिकारबाट वञ्चित
- आफ्नो नाममा घर, जग्गा खरिद गर्न नपाउने
- राजनीतिमा भाग लिन नपाउने
- मतदान गर्न नपाउने
- उम्मेदवार बन्न नपाउने
- बैंक खाता खोल्न नपाउने

## नेपाली नागरिकता भएमा प्राप्त गर्न सकिने सुविधाहरू

- उच्च शिक्षाका लागि छात्रवृत्ति प्राप्त गर्न सकिने ।
- न्यायसेवा, निजामती सेवा, शिक्षा सेवा लगायतका सरकारी नोकरीका लागि महिला, जनजाति, मधेशी, दलित, पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिहरूलाई गरिएको आरक्षणमा आवेदन दिई रोजगारीको सुविधा प्राप्त गर्न सकिने ।

## नेपाली नागरिकता नभएमा प्राप्त गर्न नसकिने सुविधाहरू

- सरकारद्वारा वितरण गरिने निम्न सुविधाहरूबाट वञ्चित हुनु पर्ने छ :-
- ➢ विधवा भत्ता, अपाङ्गताको भत्ता, वृद्ध भत्ता, दलित भत्ता ।
- ➢ महिलाको नाममा घर जग्गा खरिद गर्दा राजश्वमा पाइने छुट ।

## नेपाली नागरिकता प्राप्तिका लागि आवश्यक कागजहरू

- जन्म दर्ता
- विवाह दर्ता
- बाबु वा आमाको नागरिकताको प्रमाण पत्रको फोटो कपी
- गा. वि. स. वा नगरपालिकाको सिफारिस पत्र
- बाबु वा आमा नभए नजिकको आफन्तको नागरिकताको प्रमाण पत्र
- बाबु वा आमाको मृत्यु भएमा मृत्यु दर्ता प्रमाण पत्र
- नाता प्रमाणित कागज
- माथि उल्लिखित कागजहरू जुटाउन नसकेमा गा. वि. स. वा नगरपालिकाको वडा कार्यालयबाट सर्जमिन मुचुल्काको कागज

## अन्तरराष्ट्रिय महासन्धिमा नागरिकता सम्बन्धी व्यवस्था

**अन्तरराष्ट्रिय महासन्धिहरूमा नागरिकता सम्बन्धी व्यवस्था**

नेपालले २० वटा मानव अधिकार सम्बन्धी अन्तरराष्ट्रिय महासन्धिहरुलाई अनुमोदन गरी महासन्धिहरूको पक्ष राष्ट्र भएको छ । पक्ष राष्ट्रको हैसियतमा नेपालले नागरिकताको अधिकार संरक्षण गर्नु पर्ने उत्तरदायित्व बहन गर्नु पर्दछ ।

- **मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र, १९४८**
  मानव अधिकार सम्बन्धी घोषणा पत्रको धारा १५ ले, प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार दिएको छ। कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले नागरिकताबाट वञ्चित गरिने छैन भनी पक्ष राष्ट्रले प्रत्येक व्यक्तिलाई नागरिकता प्रदान गरी आफ्नो उत्तरदायित्व बहन गर्नुपर्ने हुन आउँछ ।
- **नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञा पत्र, १९६६**
  यो प्रतिज्ञा-पत्रको धारा २४ बमोजिम प्रत्येक बाल बालिकालाई राष्ट्रियता प्राप्त गर्ने अधिकार हुने छ भनी राज्यले आफ्नो राष्ट्रमा जन्मेका बाल बालिकालाई नागरिकता प्रदान गर्नु पर्ने उत्तरदायित्व बहन गर्ने छ ।
- **महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि, १९७९**
  यस महासन्धिको धारा ९ ले महिलालाई पुरुष सरह नागरिकता लिन, कायम राख्न र परिवर्तन गर्न समान अधिकार प्रदान गरेको छ। वैवाहिक सम्बन्धको आधार महिलाको स्वेच्छा बेगर नागरिकता परिवर्तन नहुने सुनिश्चित गर्दै पुरुष र महिलालाई आफ्ना सन्तानहको नागरिकता निर्धारण गर्ने समान अधिकारको व्यवस्था गरेको छ ।
- **बाल अधिकार सम्बन्धी महासन्धि, १९८९**
  यस महासन्धिको धारा ७ ले बाल बालिका जन्मना साथ दर्ता गरिने, आफ्नो नाम राख्न पाउने र राष्ट्रियताको अधिकार पाउने छन्। यदि बाल बालिकाहरू राज्य बिहीन हुने भएमा राष्ट्रिय कानुन र अन्तरराष्ट्रिय दस्तावेज अन्तर्गतको दायित्व समेत पालन गर्नु पर्ने कुरा उल्लेख छ। महासन्धिको दफा ८ ले पक्ष राष्ट्रले बाल बालिकाको राष्ट्रियता उनीहरूको नाम, परिचय संरक्षण गर्न पाउने अधिकारलाई सम्मान गर्नु पर्ने भन्ने व्यवस्था छ ।

## नेपालको नागरिकता सम्बन्धी कानुनमा भएका भेदभावहरू

- नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि तोकिए बमोजिम अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था छ। तर नेपाली महिलासँग विवाह गर्ने विदेशी पुरुषले नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न नसक्ने स्थिति देखिन्छ। किनभने नेपाली पुरुषले आफ्नो विदेशी श्रीमतीलाई नागरिकता दिन सक्ने तर नेपाली महिलाले आफ्नो विदेशी श्रीमान्लाई नागरिकता दिन नसक्ने व्यवस्थाले महिलाको श्रीमान्लाई नागरिकता हस्तान्तरण गर्ने अधिकारलाई ऐनले समेट्न सकेको छैन। यो वैवाहिक सम्बन्धको आधारमा गरिएको महिला विरुद्धको भेदभाव हो। ■

## कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)

मानभवन, ललितपुर, पो.ब.नं. ३२१६, काठमाण्डौ, नेपाल ।

फोन: ५५४३१११, ५५४२९९९, फ्याक्स: ९७७-१-५५५२८१४

ईमेल : lacc@wlink.com.np / वेभसाईट : www.lacc.org.np

### ल्याक महिला हक हेल्प लाईन

झापा, चन्द्रगडी बस स्टप, कृषि विकास बैंक अगाडि

फोन: ०२३-४५६४२३

जनकपुर, उतिनपुर, नेपाल परिवार नियोजन संघ नजिकै

फोन: ०४१-५२४२४९

कास्की, पोखरा, टुरिष्ट बसपार्क, अगाडी

फोन: ०६१-४६४३९८

बाँके, नेपालगञ्ज, चारबाहिनी रोड, वडा नं. १२

फोन: ९८४८०२३५९९, ९८४८०५५८४२

बर्दिया, फोन : ९८४४८४१९९९

सुर्खेत, विरेन्द्र नगरपालिका वडा नं. ६, बुद्धपथ, पुरानो गुल्म

फोन: ०८३-५२०५१०

महेन्द्रनगर, कंचनपुर, भिमदत्त नगरपालिका जिल्ला हुलाक कार्यालय संगै

फोन: ०९९-५२५८०३

### सम्पर्क नं. :

पाँचथर : ९७५२६०७५५०

कैलाली : ९८४८६६०३६६

सुनसरी : ९८५२०५४९३३

काभ्रे : ९८४१००००५

सिन्धुपाल्चोक : ९७४१०९७५७२


*"नागरिकता हाम्रो अधिकार"*

# नागरिकता सम्बन्धी जानकारी हाते पुस्तिका